संवाहक : मानव अधिकार शोध-पत्रिका (२०२६), अङ्क २६, २२४-२४०

# आधुनिक मानव अधिकार र पौरस्त्य नैतिक शिक्षा

एलिना दुलाल[1]

इमेल : alinadulal99@gmail.com

Dulal, A. (2026). आधुनिक मानव अधिकार र पौरस्त्य नैतिक शिक्षा. *Sambahak: Human Rights Journal*, *26*(1), 224–240. https://doi.org/10.3126/sambahak.v26i1.96292

***सार-सङ्क्षेप***

*मानिसले जन्मसिद्ध रूपमा प्राप्त गर्ने अधिकारहरू मानव अधिकार हुन्। यस्ता अधिकारहरू विश्वव्यापी हुन्छन्, अहरणीय हुन्छन्। सन् १२१५ को म्याग्नाकार्टालाई मानव अधिकारको पहिलो दस्तावेजको रूपमा व्याख्या गर्ने पश्चिमी मानव अधिकारको ऐतिहासिक मर्मलाई पौरस्त्य सनातनका सांस्कारिक नैतिक शिक्षाहरूले कयौँ वर्ष पहिले नै आत्मसात गरेको पाइन्छ। यस लेखमार्फत पौरस्त्य दर्शनभित्र रहेका हिन्दु, बौद्ध, जैन र कन्फ्युसियन नैतिक शिक्षाहरूलाई आधार मानेर "अहिंसादेखि समानतासम्म" को अवधारणालाई आधुनिक मानव अधिकारको मर्मसँग जोड्ने प्रयास गरिएको छ। लेखलाई पूर्णतयाः द्वितीय स्रोतमा आधारित बनाइएको छ, जसमा पौरस्त्य दर्शनभित्र मानव अधिकारका मूल्यहरू समेटिएका पूर्ववत अध्ययनहरू, धार्मिक ग्रन्थ तथा विभिन्न प्रकाशनलाई मुख्य स्रोतको रूपमा लिइएको छ। विशेष गरी नेपालजस्तो बहुजातीय, बहु-सांस्कृतिक र विविधता भएको समाजमा मानव अधिकार अभ्यासलाई बुझ्न पौरस्त्य दर्शनका नैतिक आधारहरू अझै महत्त्वपूर्ण छन्। सान्दर्भिक साहित्यहरूले पश्चिमी मानव अधिकार विमर्श अधिकार केन्द्रित भए पनि पौरस्त्य दृष्टिकोण कर्तव्य केन्द्रित रहेको देखाउँछन्। यसले सामाजिक समानता र सामूहिक उत्तरदायित्वलाई जोड दिन्छ। लेखको निष्कर्षले पौरस्त्य दर्शनका मूल्यहरूले मानव अधिकारलाई आधार प्रदान गर्नेमात्र नभएर आजको विश्वव्यापी मानव अधिकारको युगमा यसको अभ्यासलाई सुदृढ पार्ने वैकल्पिक दृष्टिकोण प्रदान गर्दछन् भन्ने देखाउँछ।*

***प्रमुख शब्दकुञ्जीहरू :*** अहिंसा, समानता, पौरस्त्य दर्शन, मानव अधिकार

[1] दर्शनाचार्य अध्ययनरत, राजनीतिशास्त्र केन्द्रीय विभाग, त्रिभुवन विश्वविद्यालय ।

## १.परिचय

मानिसले मानिसका रूपमा मर्यादित भएर बाँच्न पाउँने सम्पूर्ण अधिकारहरू मानव अधिकार हुन्। राष्ट्रिय मानव अधिकार आयोग, ऐन २०६८ को  दफा २(च) ले मानव अधिकार भन्नाले व्यक्तिको जीवन, स्वतन्त्रता, समानता र मर्यादासँग सम्बन्धित संविधान र अन्य प्रचलित कानुनद्वारा  प्रदान गरिएका अधिकार सम्झनुपर्दछ र सो शब्दले नेपाल पक्ष भएको मानव अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय सन्धिमा निहित अधिकारलाई समेत जनाउँछ भनी परिभाषित गरेको छ । मानव अधिकारलाई प्रायः आधुनिक अवधारणा मानिन्छ, जसको औपचारिक विकास दोस्रो विश्वयुद्धपछिको अन्तर्राष्ट्रिय कानुनी संरचनाबाट सुरु हुन्छ। सन् १९४८ को मानव अधिकारको विश्वव्यापी घोषणापत्रले मानव अधिकारलाई सार्वभौमिक, अविच्छिन्न र अहरणीय अधिकारका रूपमा परिभाषित गरेको छ। यी अधिकार र समानताका आधारभूत विचारहरू केवल पश्चिमी उदारवादी परम्पराबाट मात्रै भने आएका होइनन्।

पौरस्त्य दर्शन विशेषतः हिन्दु, बौद्ध, जैन र कन्फ्युसियन परम्पराले हजारौं वर्षअघि नै सामाजिक न्याय, मानव मर्यादा, करुणा, अहिंसा र समानताको शिक्षा दिएका थिए। यी मूल्यहरू आजको मानव अधिकार अभ्याससँग प्रत्यक्ष सम्बन्धित छन्।उदाहरणका लागि जैन धर्मले दिएको "अहिंसा परमो धर्मः" भन्ने शिक्षा आधुनिक अन्तर्राष्ट्रिय मानव अधिकार कानुनमा यातना निषेध  र जीवनको अधिकारसँग सम्बन्धित देखिन्छ। नेपालजस्तो बहुजातीय, बहुभाषिक र बहुसांस्कृतिक विशेषता बोकेको समाजमा मानव अधिकार अभ्यासलाई दीगो बनाउन पौरस्त्य नैतिक मूल्यहरू अझै सान्दर्भिक देखिन्छन्। नेपालको वर्तमान संविधानले भाग ३, धारा १६ देखि ४६ सम्म ३१ वटा मौलिक हकको व्यवस्था गरेको छ। यसमा मौलिक अधिकारका रूपमा समानता, स्वतन्त्रता, सम्मानपूर्वक बाँच्न पाउँने जीवनको अधिकार, सामाजिक न्याय, सामाजिक सुरक्षा आदि अधिकारहरू मानव अधिकारका आधारभूत मूल्यभित्र पर्ने अधिकारहरूलाई संवैधानिक उपचारसहित समेटिएको छ। सोही भागको धारा ४८ मा नागरिकका कर्तव्यहरू अनिवार्य रहने गरी उल्लेख गरिएको छ।यसबाट नेपालले अधिकार र कर्तव्यलाई एकअर्काको परिपूरक मान्ने पौरस्त्य  दर्शनको नैतिक मूल्यलाई मानव अधिकारको आधार मानेको छ भन्न सकिन्छ ।

मानव अधिकारको अवधारणा आधुनिक भए पनि यसको जन्म मानिस उत्पत्ति भएसँगै भएको हो। “सबै अधिकार सबैका लागि” मानव अधिकारको मूलमन्त्र नै हो । एउटा व्यक्ति जहाँ जन्मे पनि, जुन भूगोलमा रहे पनि, जुनसुकै अवस्थामा भए पनि उसको मानव अधिकार सुरक्षित हुनुपर्दछ।भनिन्छ-मानव अधिकारको कुनै सीमा हुदैन तर आफ्नो अधिकारको प्रयोग गर्दा अरूको

अधिकारमा असर पर्यो भने त्यहाँ सीमा लाग्छ (पोखरेल, २०८०, पृ.२)। पौरस्त्य सनातन दर्शनसँग मानव अधिकारलाई जोडेर हेर्दा अधिकार र कर्तव्य अभिन्न देखिन्छन्। कर्तव्यको माध्यमबाट नै अधिकारको सुनिश्चितामा जोड

दिइएको पाइन्छ। अधिकार भनेको शक्ति हो। शक्तिले मानिसलाई भ्रष्ट बनाउँछ तर कर्तव्यले मानिसलाई नम्र बनाउँछ। एउटाले कर्तव्य पालना गर्दा अर्काको अधिकार सुरक्षित भइरहेको हुन्छ। त्यसैले अधिकारको स्रोत कर्तव्य हो। पौरस्त्य चिन्तन परम्परामा मानव अधिकार भन्ने भिन्न दर्शनशास्त्र वा विधाको विकास नभए पनि पौरस्त्य शास्त्रका विभिन्न कथा, उपकथा, र सन्दर्भहरूमा मानव अधिकारसँग सम्बन्धित विषयहरू पाउन सकिन्छ। वेद तथा पुराणमा मानव अधिकारसँग जोडर व्याख्या गर्न सकिने विषयहरू यत्रतत्र छन्। शिवलाई अर्धनारीश्वरको रूपमा चित्रण गरिएको पौराणिक कथाहरू छन्। अर्धनारीश्वरको अवधारणाले लैङ्गिक समानताको विचारलाई बढावा दिन्छ। लैङ्गिक समानतामा समसामयिक मानव अधिकारको बहसलाई प्रतिध्वनित गरेको छ (पोखरेल, २०८२, पृ.१९)। यसबाट मानव अधिकारका विश्वव्यापी कानुन तथा व्यवहारहरूलाई आत्मसात् गर्दै नेपालले अधिकार र कर्तव्यलाई एकअर्काको परिपूरक मानी देखाएको संवैधानिक अभ्यास र व्यवहारलाई पौरस्त्य दर्शनले सिंचित गरेको स्वर्णिम प्रयोग भन्न सकिन्छ। पौरस्त्य दर्शनले मानवको आत्मबोध, सह-अस्तित्व र धर्मपालनमा आधारित जीवन शैलीलाई केन्द्रमा राख्दछ। पौरस्त्य दर्शनभित्रका नैतिक शिक्षाहरूले अधिकारलाई केवल कानुनी उपकरणका रूपमा मात्र नभएर नैतिक दायित्व र सार्वभौमिक करुणाको विषयका रूपमा देखाउँछन्। यस लेखको मूल उद्देश्य पौरस्त्य नैतिक शिक्षाहरूले आधुनिक मानव अधिकार विमर्शमा कसरी योगदान पुर्‍याएका छन् भन्ने सन्दर्भमा अध्ययन गर्नु हो। यसको निष्कर्षमा पुग्न लेखले देहायका अनुसन्धान प्रश्नहरूलाई सम्बोधन गर्नेछः

(क) के पौरस्त्य नैतिक शिक्षाहरूलाई आधुनिक मानव अधिकारको आधारका रूपमा प्रस्तुत गर्न सकिन्छ ?

(ख) नेपालजस्तो विविधतायुक्त समाजमा पौरस्त्य नैतिक शिक्षाहरूले मानव अधिकार सिद्धान्तको पालनामा कसरी योगदान पुर्याउन सक्छन् ?

## २.अनुसन्धान विधि

प्रस्तुत लेख पूर्णतया द्वितीय स्रोतमा आधारित रहेको छ। यसमा पौरस्त्य दर्शनभित्र मानव अधिकारका मूल्यहरू समेटिएका पूर्ववत अध्ययनहरू, धार्मिक ग्रन्थ तथा विभिन्न प्रकाशनलाई मुख्य स्रोत मानिएको छ। विषयसँग सम्बन्धित तथ्य र विवरणहरू सङ्कलन गर्नका लागि विभिन्न ऐतिहासिक दस्तावेज अध्ययन तथा मानव अधिकारको विश्वव्यापी घोषणापत्र लगायत संयुक्त राष्ट्रसङ्घका अन्य

दस्तावेज र विद्वानका लेखरचनाहरू अध्ययन गर्नुका साथै पत्रपत्रिका, पुस्तकालय, राष्ट्रिय मानव अधिकार आयोगबाट प्रकाशित मानव अधिकार सोध पत्रिका संवाहकका पूर्ववत प्रकाशनहरू तथा गुगलमा उपलब्ध मानव अधिकारसम्बन्धी विभिन्न सोध/अनुसन्धानमूलक लेखहरूलाई सन्दर्भ सामाग्रीका रूपमा लिइएको छ।

## ३. विश्लेषण

### *३.१. मानव अधिकारको विकास सन्दर्भ*

मानव अधिकार विश्वव्यापी वा सीमारहित विषय हो, जसको स्वीकारोक्ति प्रत्येक धर्म र संस्कारले गरेको हुन्छ (सुवेदी, १९९९) । वर्तमान विश्वपरिवेशमा "मानव अधिकार" शब्दावलीको प्रयोग व्यापक रूपमा भइरहेको छ। हाल व्यक्ति, राज्य, उद्योग व्यवसाय, वातावरण, विकास निर्माण, प्रजातन्त्र वा कानुनी शासनजस्ता सन्दर्भमा मानव अधिकार शब्दावली जोडिएर आएको पाइन्छ।१९औं शताब्दीको उपलब्धिका रूपमा अगाडि आएको मानव अधिकार पूर्णतयाः नयाँ विषय भने होइन।सैद्धान्तिक रूपमा दोस्रो विश्वयुद्धपछि यो शब्दावलीलाई प्रयोगमा ल्याइए पनि व्यवहारतः मानव अधिकार र कर्तव्यको रूपमा समाज विकासको क्रम वा मानव जातिको उत्पत्तिसँगै भएको हो। जब व्यक्ति-व्यक्तिबीचमा परिवार, समाजको महसुस हुन थाल्यो, क्रमशः समाजमा वर्गीय स्वरूपहरू देखापर्न थाले।शान्तिसुरक्षा र अमनचयन कायम गर्नु समाजका लागि आवश्यकताको विषय बन्न पुग्यो।मानिस जन्मदा समान अधिकार र मर्यादा एवम् सम्मान लिएर जन्मेको हुन्छ भन्ने मान्यताका आधारमा नै मानव अधिकारसम्बन्धी अवधारणाको विकास भएको हो।(श्रेष्ठ र सिवाकोटी, २०६८, पृ.१)

मानव अधिकार व्यक्तिमा स्वतः निहित जन्मसिद्ध अधिकार हो।गर्भबाट स्थापित हुने ज्यानदेखि चिहानपश्चात सम्मका अधिकारहरू मानव अधिकारभित्र पर्ने हुनाले यसको अर्थको दायरा व्यापक छ। मानव अधिकार व्यक्ति र राज्यबीचको अन्तर्सम्बन्धबाट स्थापित हुन्छ।अधिकांश समय मानव अधिकारको हनन् पनि राज्यबाट नै हुन्छ। मानव अधिकारहरू राज्यका विरुद्ध नागरिकलाई प्राप्त हुन्छन् ।

मानव अधिकार समाज सापेक्ष हुने गर्दछ।एक समाजले अवलम्बन गरेका मानव अधिकारहरूका सम्बन्धमा सिर्जित अवरोधहरू अर्को समाजमा नहुन सक्दछन् वा भिन्न प्रकारका हुन सक्दछन्।त्यसैले मानव अधिकारको आन्दोलनलाई सीमित गर्न सकिँदैन।कुनै पनि देशको मानव अधिकार आन्दोलनको प्राथमिकता निर्धारण गर्ने कार्य अरू कसैको नभई त्यसै देशको हुनुपर्दछ।अन्तर्राष्ट्रिय सङ्घसंस्थाहरूले यसलाई व्याख्या गर्न खोज्दा सम्बन्धित देशका लागि ग्राह्य

नहुन सक्तछ।मानव अधिकारले निश्चित क्षेत्र वा समूहको घेरा तोडी विश्वव्यापी भइसकेको छ।सबै राष्ट्रहरूमा सङ्गठित वैचारिक सङ्घर्षले पकड जमाउँदै गएको छ।हरेक व्यक्ति, समुदाय, राष्ट्रले अवलम्बन गरी आएका आर्थिक सिद्धान्तहरू र राजनीतिक दर्शनहरू नै मानव अधिकारका निर्णायक तत्त्वका रूपमा स्थापित हुदैं आएका छन् (मैनाली, २०७२)।

मानव अधिकारको वर्तमान अवधारणा पश्चिमा उदारवादी चिन्तनको उपजको रूपमा देखिए पनि यो मानव उत्पतिसँगै जोडिएको विषय भएकाले यसको विकासक्रमलाई क्रमबद्ध रूपमा विश्लेषण गर्नु पर्ने हुन्छ।यो प्राचीनकालदेखि समाजमा हुने गरेका अन्याय, अत्याचार, दमन तथा उत्पीडनबाट मुक्ति पाउनका लागि गरिएको विद्रोह, प्रतिरोध, आन्दोलन तथा सामाजिक न्यायका लागि भएका प्रयासहरू र विभिन्न विद्वानहरूको योगदानको उपजका रूपमा आएको अवधारणा हो।प्राचीनकालदेखि नै धर्म वा संस्कारका नाममा केही मानवीय मूल्य र मर्यादाहरू कायम थिए।यसलाई मानव अधिकारकै नामले सम्बोधन नगरिए पनि पौरस्त्य सनातन परम्पराले हजारौं वर्षपहिले नै यसको भित्री मर्मलाई उल्लेख्य चर्चा र स्थान दिएको पाइन्छ।पश्चिमी मुलुकमा कतिपय विद्वानले मानव अधिकारलाई १३औं शताब्दीको र कतिपयले १७ औं शताब्दीको उपज मानेका छन्। दोस्रो विश्वयुद्धको समाप्तिसँग सबैका लागि समस्त अधिकारको सिर्जना र जनताको आत्मनिर्णयको अधिकारलाई मूल उद्देश्यका रूपमा स्वीकार्दै सन् १९४५ अक्टोबर २४ का दिन संयुक्त राष्ट्रसङ्घको स्थापना भयो।यो सँगै मानव अधिकारको आधुनिक विमर्शको प्रारम्भ भयो। मानव अधिकारको अवधारणा यो वा त्यो यही नै सही भन्ने नभए पनि क्रमिक विकासको परिणति स्वरूपमा यसको व्यापकता र विकसित रूपहरू क्रमशः विकास भइरहेका छन्।संयुक्त राष्ट्रसङ्घको तत्वावधानमा जारी भएको दीगो विकास लक्ष्यसम्म आइपुग्दा मानव अधिकारलाई विकाससँग पनि जोड्न थालिएको छ।यो मानव अधिकारको क्षेत्रमा नयाँ आयाम/दृष्टिकोणका रूपमा देखिन्छ।

### *३.२.पौरस्त्य नैतिक शिक्षा र आधुनिक मानव अधिकार*

पौरस्त्य नैतिक शिक्षाको ऐतिहासिक मूल वैदिक, उपनिषदिक, बौद्ध, जैन, कन्फुसियस, ताओवादी र हिन्दु परम्परामा पाइन्छ। पौरस्त्य नैतिक शिक्षाहरूमा रहेका प्रमुख मूल्यहरू अहिंसा, करुणा, धर्म र कर्तव्य, समानता र सह-अस्तित्व आदि हुन् । यी विषयहरू आधुनिक मानव अधिकार विमर्शमा प्रत्यक्ष सम्बन्धित देखिन्छन्।यसमा अहिंसा केवल हिंसा नगर्ने कार्य होइन, बरु हरेक प्राणीको जीवन, सम्मान र अस्तित्वको रक्षा गर्ने गहिरो चेतना हो।महात्मा गान्धीले अहिंसालाई नै सामाजिक र राजनीतिक परिवर्तनको उपकरण बनाएका थिए।मानव अधिकारको विश्वव्यापी घोषणापत्र,१९४८ को पहिलो अनुच्छेदमा रहेको"सबै व्यक्तिहरू जन्मजात स्वतन्त्र र प्रतिष्ठा तथा अधिकारमा समान

हुन्छन्" मा रहेको प्रतिष्ठाको अवधारणामा अहिंसाको गहिरो प्रभाव देखिन्छ। त्यस्तै करुणा बौद्ध र हिन्दु दुवै परम्पराभित्रको केन्द्रीय मूल्य हो। करुणाविना अधिकारको प्रयोग केवल औपचारिक रहन्छ। यसले सामाजिक समावेशिता र मानव मर्यादाप्रतिको संवेदनशीलता बढाउँछ। पश्चिमी मान्यताले अधिकारलाई व्यक्तिगत स्वतन्त्रताको रूपमा बुझ्छ तर पौरस्त्य दृष्टिले अधिकार र कर्तव्यलाई अविभाज्य ठान्छ। व्यक्तिगत आचरण र सामाजिक सन्तुलनलाई जोड्दै यसले आफ्नो अधिकारको प्रयोग गर्दा अरूको अधिकार हनन् गर्न नहुने सन्देश दिन्छ। पौरस्त्य नैतिक शिक्षाले दिने समानता र सहअस्तित्वको मर्मले विश्वलाई एक परिवारको रूपमा हेर्छ । जहाँ जात, लिङ्ग, वर्ग वा राष्ट्रका आधारमा भेदभाव अस्वीकार्य हुन्छ। यो दृष्टिकोण आधुनिक मानव अधिकारको विश्वव्यापी सिद्धान्तसँग प्रत्यक्ष सम्बन्धित देखिन्छ।

“मानव अधिकार” शब्दको प्रयोग नगरिए पनि एसियाका कतिपय मुलुकमा मानव अधिकारको प्रयोग परापूर्वकालबाट नै भएको पाइन्छ । यसको अभ्यासलाई निश्चित देशको धार्मिक जनसङ्ख्याको अवस्थिति र सांस्कारिक प्रयोगहरूले असर गर्ने गरेको देखिन्छ (डिज्क,१९९३)। पौरस्त्य चिन्तन र दर्शनमा मानव अधिकारको अध्ययन गर्दा ऋग्वेद, सामवेद, अथर्ववेद, यजुर्वेद, मनुस्मृति, याज्ञवल्क्यस्मृति, शुक्रनीति, कौटिल्यको अर्थशास्त्र, बुद्धका उपदेश ग्रन्थहरू, जैन दर्शनभित्रको नैतिक दर्शन र कन्फुसियन दर्शनको कर्तव्यमा आधारित नैतिक शिक्षालाई उल्लेख गर्नु अनिवार्य देखिन्छ। लैङ्गिकताको सन्दर्भमा हेर्ने हो भने वेदले महिला र पुरुष दुवैलाई समान देखेको छ। वेदमा लिङ्गका आधारमा कुनै भेदभाव गरिएको छैन। वेदका अनुसार वैदिककालीन महिला समाज पढ्न, लेख्नमात्रै होइन, राष्ट्र-समाज निर्माण वा आपतकालीन अवस्थामा पुरुष वर्गजस्तै कस्सिएर लाग्थे । नारी वीरत्वकै कारण समाज सभ्य भएको हो, राज्य चलायमान भएको हो। प्रकृतिले गति लिएको हो र आजको विज्ञानले विकास गर्न सकेको हो (घिमिरे, २०७६) ।

ऋग्वेदका विभिन्न ऋचामा विभिन्न प्रकारका मुक्तिको चर्चा छ, जसको सम्बन्ध मानव अधिकारसँग रहेको मान्न सकिन्छ। ती हुन्- (अ) भयबाट मुक्ति (आ) बन्धनबाट मुक्ति (इ) रोगबाट मुक्ति (ई) भोकबाट मुक्ति (उ) अपराध र हिंसाबाट मुक्ति (ऊ) सङ्कटबाट मुक्ति (ए) अन्यायबाट मुक्ति अर्थात ऋग्वेदमा प्रार्थना वा कामना गर्दा व्यक्ति, परिवार, समाज र राज्यले बन्धनको समस्या भोग्न नपरोस् भनी कामना गरिएको देखिन्छ। ती कुनै प्रत्यक्ष, कुनै प्रतीक र कुनै दृष्टान्तका रूपमा उल्लिखित छन्। आजको मानव अधिकार भनिने कुरा पनि मूलतः भोक, रोग, बन्धन, शोषण, भय, हिंसा, सङ्कट र अन्यायका विषयवस्तुसँग नै सम्बन्धित छन् (बन्जाडे, २०७३, पृ.४)।

ऋग्वेद बालविवाह, अनमेल विवाह, अनिच्छित विवाह र पारिवारिक हिंसाविरुद्ध देखिन्छ। यो वेदले वर्ण र वर्णका आधारमा कसैले पनि विभेदयुक्त व्यवहार गर्न नहुने कुरा उल्लेख गरेको छ। व्यापारीले ग्राहकको शोषण गर्न नहुने र गरेमा दण्ड दिनुपर्ने व्यवस्था छ। यस अर्थमा ऋग्वेद मानव अधिकारको पक्षमा देखिन्छ (बन्जाडे, २०७३, पृ. ५-७) ।

बन्धन मानव अधिकार उपभोगको सबभन्दा ठुलो अवरोध हो। सामवेदमा बन्धनविरुद्ध विभिन्न कामना गरिएको छ। बन्धनमा राख्ने खालका दुष्ट प्रवृत्तिको विनाश, पीडाबाट मुक्ति, ऋणबाट मुक्ति, शत्रुको परास्त, सबैको संरक्षण र पालना, अपराधीलाई दण्ड, मातापिता र महिलाको स्थान उच्च, अहिंसा, कर्तव्य, सबैप्रति समान व्यवहारका कुरा रहेको उल्लेख छ (बन्जाडे, २०७३, पृ. ८-९)। अथर्ववेदमा अपराध नियन्त्रण र दण्डहिनताको अन्त्य, कन्याले रुचाएको वर प्राप्त गर्न पाउनुपर्ने, महिलाको स्वास्थ्यसम्बन्धी कुरा, बालबालिकाको दीर्घायुका कुरा, सुशासन, कर्तव्य र अहिंसाका विषय उल्लेख छन्। यजुर्वेदमा पनि अपराध नियन्त्रण, दण्डहीनता, महिलाको उच्च स्थान, अहिंसा, समानता, स्वास्थ्यजस्ता मानव अधिकारसम्बद्ध विषयहरू उल्लेख छन् (बन्जाडे, २०७३, पृ.९-१२)।

पौरस्त्य दर्शनमा धेरै स्मृति र नीतिहरू छन्। तीमध्ये मनुस्मृति, यज्ञवल्क्यस्मृति, पराशरस्मृति, शुक्रनीति, विदुरनीति आदि चर्चित छन्। मानव अधिकारको दृष्टिले हेर्दा यी स्मृतिहरूमा उल्लिखित केही विषयहरू मानव अधिकारमैत्री नलागे पनि तत्कालीन समाज सापेक्षतामा पनि हेर्नुपर्ने हुन्छ (पोखरेल, २०८२)।

मनुस्मृतिमा पराधीनतालाई दुःखको बीउ भनिएको छ। शब्दको चोरीलाई सबैथोक चोरी गरेको मानिने भनिएको छ। वातावरण नष्ट गर्नेलाई कठोर सजाय दिने कुरा छ। उपभोक्ता ठगी गर्नेहरू दण्डको भागी हुनुपर्ने कुरामा जोड दिइएको छ। याज्ञवल्क्यस्मृतिमा राजामा असल गुण हुनुपर्ने, घुस लिन नहुने, कानुनसम्मत दण्डको प्रयोग हुनुपर्ने, गलत दण्ड गरिएमा पीडितबाट लिएको रकम फिर्ता गरिदिने र सजायमा प्रायश्चित गरिनुपर्ने, राजिखुसी केटाकेटी विवाह गर्न पाउनुपर्नेजस्ता मानव अधिकारसम्बद्ध कुराहरू रहेका छन्। शुक्रनीतिमा खुला न्यायासन(इजलास) मा सुनुवाइ हुनुपर्ने, उपभोक्तालाई ठग्न नहुने, घुस खान नहुने, दण्ड सजाय अन्यायपूर्ण गर्न नहुने, सूचना प्रवाह, सामाजिक आचरणको पालना गर्नुपर्ने जस्ता विषय उल्लेख छन् (बन्जाडे, २०७३, पृ.१३-२२) ।

कौटिल्यको अर्थशास्त्रमा मूलतः राज्यप्रणाली, सामाजिक सम्बन्ध र व्यवहार, न्यायप्रबन्ध, दण्डनीति, प्रकृति र मानव तथा राज्यको सुरक्षासँग सम्बन्धित विषयहरू भए पनि यी विषयहरूको उल्लेख गर्दा मानव अधिकारसँग सम्बन्धित भएका छन्। मनुस्मृतिमा उल्लिखित राजाका गुणहरू, नियुक्तिमा योग्यता र क्षमता, लेखा प्रणालीको पारदर्शिता, अपराधअनुसारको दण्ड, उपभोक्ताका हीत, सामाजिक

धर्म, संस्कृति र परम्परा, महिलाको संरक्षण, वातावरणको संरक्षण आदि मानव अधिकारका सवाल नै हुन् (बन्जाडे, २०७३, पृ. २२-२६)।

हिन्दु दर्शनमा धर्म, कर्म, अहिंसा र सत्य मुख्य नैतिक मूल्य हुन्। मनुस्मृति, गीता र उपनिषदहरूले मानिसलाई आफ्नो कर्तव्य पालन, आत्म संयम र सबै जीवप्रति सम्मान गर्न सिकाउँछन्। गीता (अध्याय ३, श्लोक १९)मा भनिएको छ *"कर्मण्येवाधिकारस्ते मा फलेषु कदाचन"* अर्थात् परिणामभन्दा कर्तव्यमा ध्यान दिनु। यसबाट उत्पन्न मूल्यहरू कर्तव्य, संयम र अहिंसा मानव अधिकारको आधुनिक दृष्टिकोणसँग सम्बन्धित छन्। विभिन्न धर्महरूमध्ये बुद्ध धर्मलाई विशेष धर्मको रूपमा ग्रहण गरिएको पाइन्छ। यस धर्मले सबै व्यक्ति, वर्ग र समुदायलाई समान ठान्दछ। कुनै पनि आधारमा कसैलाई पनि विभेद गर्न नपाइने कुरामा जोड दिएको छ। हिंसा र शान्ति, अपमान र सम्मान, विभेद र अविभेद, समानता र असमानता एकसाथ रहन सक्दैनन्। महिला र पुरुष समान हुन्। साना हुन् वा ठुला, गरिब हुन वा धनी, सबैलाई बाँच्ने अधिकार छ। मानव अधिकारले स्वीकार गरेका शान्ति, अहिंसा, स्वतन्त्रता, समानता, अविभेद, मानवमूल्य आदि यस धर्मका आधार वा धरातल हुन्। बुद्ध धर्मले मानव अधिकार शब्द र त्यसभित्रका विषयलाई धार्मिक ग्रन्थमा प्रत्यक्षतः उल्लेख नगरिए पनि परोक्षतः यथोचित स्थान दिएको पाइन्छ। विशेषतः कर्तव्यमार्फत अधिकारको प्रयोगमा जोड दिइएको छ (सिवाकोटी, २०७४, पृ. ७३)।

बुद्धले राग र द्वेषलाई दुःखको मूल कारण मानेका छन् । उनले छोराछोरीको कर्तव्य, बाबुआमाको कर्तव्य, शिष्यको कर्तव्य, गुरुको कर्तव्य, लोग्नेको कर्तव्य, स्वास्नीको कर्तव्य, मित्रको कर्तव्यलाई सूक्ष्म ढङ्गले व्याख्या गरेका छन्। अधिकारमार्फत व्यक्तिले आफ्नो हितका लागि सुविधा खोजेको हुन्छ भने कर्तव्यमार्फत अरू को हितका लागि सहायता गर्दछ। मानिस सामाजिक प्राणी भएकाले जुन समाजले उसलाई अधिकार प्रदान गर्दछ, त्यसप्रति उसले कर्तव्य पनि पालना गर्नुपर्दछ। कर्तव्यलाई निषेध गरी खोजिने अधिकारबाट मात्र कसैको अस्तित्व सम्भव छैन। मानव अधिकारका मूल्य, मान्यता वा सीमाभन्दा बाहिर धार्मिक मान्यता पनि रहन सक्दैनन्। अहिंसा, सहअस्तित्व, भातृत्व, विश्व शान्ति, मानवता आदि पक्षलाई आत्मसात गरेको बुद्ध धर्मलाई मानव अधिकारको आधारस्तम्भ भन्नुमा अन्यथा नहोला (सिवाकोटी, २०७४)

गौतम बुद्धको चार आर्य सत्य र अष्टाङ्ग मार्ग मानव अधिकारका आधारभूत नैतिक निर्देश हुन्। बौद्ध दर्शन नैतिकता, करुणा, समता र अहिंसामा आधारित छ (सापकोटा, २०२२)। बौद्ध दर्शनको शिक्षाले "दुःख निवारण" लाई केन्द्रमा राख्छ, जुन आधुनिक मानव अधिकारको पीडाबाट मुक्ति तथा न्यायसम्बन्धी अधिकारसँग सम्बन्धित देखिन्छ। गौतम बुद्धको दर्शन मानव अधिकारको नैतिक

आत्मा हो। बुद्धले जात, धर्म वा वर्गको भेदभन्दा माथि उठेर "समानता, करुणा र अहिंसा" लाई जीवनको केन्द्रीय मूल्य बनाएका छन्। धम्मपदमा कुनै प्राणीलाई पनि हिंसा नगर भनिएको छ। यसलाई आधुनिक मानव अधिकारको सम्मानपूर्वक बाँच्न पाउने हकसँग जोड्न सकिन्छ। बुद्धको अष्टाङ्ग मार्गः सम्यक दृष्टि, वाचा, कर्म र आजीविका आदि मानव अधिकारको नैतिक आचारसंहिता हो। उनले शासनमा "धम्मराज"(न्यायमा आधारित नेतृत्व)को अवधारणा प्रस्तुत गरे, जसमा शासकको दायित्व नागरिकको कल्याण र पीडामुक्त जीवन सुनिश्चित गर्नु हो। यसबाट सामाजिक न्याय/ सामाजिक संरक्षण लगायत मानव अधिकारका आधुनिक मर्महरू संरक्षित हुने देखिन्छ ।

जैन दर्शनमा अहिंसा सर्वोच्च धर्म हो। अहिंसा परमो धर्मः भन्ने नीतिले प्रत्येक जीवको अस्तित्वलाई सम्मान गर्न आग्रह गर्दछ। यो नै आजको मानव अधिकारको जीवनको अधिकार र मर्यादित जीवनको पौरस्त्य रूप हो। जैन दर्शन भारतको अत्यन्त पुरानो धार्मिक दार्शनिक प्रणाली हो, जसको मूल केन्द्रमा अहिंसा, अनेकान्तवाद र अपरिग्रह रहेका छन्। महावीर स्वामी (इ.पू. ६औं शताब्दी) द्वारा प्रतिपादित यो दर्शनले मानवमात्र होइन, सबै जीवहरूको आत्म अस्तित्व, स्वतन्त्रता र पीडामुक्त जीवनको अधिकारको वकालत गर्छ। जैन दर्शनले पनि आधुनिक मानव अधिकार विचारले जस्तै नै प्रत्येक प्राणीलाई समान सम्मान, अस्तित्व र अहिंसात्मक व्यवहारहरू प्राकृतिक रूपमा नै प्राप्त हुन्छन् भन्ने मत राख्दछ। यस अर्थमा जैन दर्शन मानव अधिकारको सर्वाधिक प्राचीन र गहिरो नैतिक आधार प्रस्तुत गर्ने दर्शन हो भन्न सकिन्छ । जैन दर्शनले जीववादलाई स्वीकार्छ। त्यो भनेको सबै जीवमा आत्मा छ, त्यसैले सबै समान छन् भन्ने हो। यो आधुनिक मानव अधिकारको समानताको अधिकार हो। यस दृष्टिमा मानवमात्र होइन, जनावर, वनस्पति र सूक्ष्मजीवसम्मको जीवन सम्मानयोग्य ठानिन्छ।

त्यसैले, जैन दर्शनलाई आधुनिक युगमा जनावरको अधिकार, वातावरण संरक्षणको नैतिक आधार र मानवीय अधिकारको नैतिक स्रोतका रूपमा पनि व्याख्या गरिन्छ। हिंसा, असमानता, धार्मिक कट्टरता र पर्यावरणीय विनाश बढ्दो आजको विश्वमा जैन दर्शनले "अहिंसा, सहिष्णुता र सादगी" को मार्गदर्शन दिएको छ। यदि आधुनिक समाजले जैन दर्शनका यी मूल्यहरू अहिंसा, करुणा, सहिष्णुता र संयमलाई व्यवहारतः अपनाउन सक्ने हो भने मानव अधिकार केवल कागजी दस्तावेज होइन, जीवनको व्यावहारिक दर्शन बन्न सक्छ।

चिनियाँ दार्शनिक कन्फुसियसले Ren (दया), Li (आचरण) र Yi (न्याय) लाई नैतिक शिक्षाको आधार माने। कन्फुसियसको सोचले समाजमा कर्तव्यमा आधारित नैतिकता स्थापना गऱ्यो, यसले आधुनिक अधिकार-कर्तव्य सन्तुलनको वैचारिक जग बसाल्यो। कन्फुसियस (इ.पू. ५५१—४७९) चिनियाँ

दार्शनिक, शिक्षक र नैतिक चिन्तक हुन्, जसले मानव समाजमा "सदाचार र सम्बन्धमा आधारित शासन" को अवधारणा दिए। उनको दर्शनले नैतिकता (Morality), मानवीयता(Ren), न्याय(Yi), शिष्टाचार(Li), र आत्मसंयम (Xin) मा जोड दिन्छ। पश्चिमी मानव अधिकार सोचले जस्तो "व्यक्तिगत स्वतन्त्रता र कानुनी अधिकार" मा केन्द्रित नभएर, कन्फुसियस दर्शनले “सामाजिक जिम्मेवारी र नैतिक अनुशासन” मार्फत् मानव मर्यादाको रक्षा गर्ने दृष्टिकोण दिएको छ । यस अर्थमा, कन्फुसियस दर्शनले अधिकार भन्दा पहिले कर्तव्य र नैतिक सम्बन्धलाई महत्त्व दिन्छ, जुन आधुनिक मानव अधिकारको नैतिक जग हो। व्यक्तिगत स्वतन्त्रताको नाममा सामाजिक विभाजन, हिंसा र नैतिक ह्रास बढ्दै गएको आजको विश्वमा कन्फुसियस दर्शनले देहायको सन्देश दिएको पाइन्छः (Ni, २०१४)

- मानव अधिकार र सामाजिक जिम्मेवारीबीच सन्तुलन,
- नैतिक शासन र पारदर्शिता,
- शिक्षा, करुणा र पारिवारिक मूल्यहरूमा आधारित समाज,
- सह-अस्तित्व र विश्वशान्तिको मार्गदर्शन।

कन्फुसियस दर्शन मानव अधिकारको "नैतिक आत्मा" हो। पश्चिमी अधिकार दर्शन कानुनी दायरामा केन्द्रित छ, कन्फुसियस दृष्टि नैतिक कर्तव्यमा आधारित छ। मानव अधिकार तबमात्र सार्थक हुन्छ जब मानव नैतिकवान हुन्छ भन्ने मत राख्ने यस दर्शनले मानव अधिकारको सार्वभौमिक विचारलाई पूरक बनाउँदै अधिकारलाई मानवीय करुणा र नैतिक जिम्मेवारीमा आधारित विश्वशान्तिको दर्शनमा परिणत गर्दछ। यसरी पौरस्त्य दर्शनभित्रका हिन्दु सनातन, बौद्ध, जैन र कन्फुसियन दर्शनले दिएका नैतिक शिक्षाहरूले आधुनिक मानव अधिकारको विमर्शमा जग बसाल्ने काम हजारौं वर्षपूर्व नै गर्दै आएका थिए भन्न सकिन्छ।

### ३.३. आधुनिक मानव अधिकार र पौरस्त्य नैतिक शिक्षाबीच विरोधाभाष

पौरस्त्य नैतिक शिक्षाहरूले मानव अधिकार विमर्शमा अमूल्य योगदान दिएका भए पनि तिनीहरूमा केही दार्शनिक, संरचनागत र व्यवहारगत विरोधाभाषहरू पनि छन्। कतिपय यस क्षेत्रका विद्धानहरूले पौरस्त्य धर्मशास्त्रहरूले सार्वभौम नैतिकता प्रचार गरे पनि कतिपय ग्रन्थहरूमा जात व्यवस्था, महिला माथि विभेदजस्ता विषय रहेका छन्। जस्तैः मनुस्मृतिले महिलालाई र सामाजिक निम्न वर्गलाई पूर्णस्वतन्त्र अधिकार नदिएको आलोचना पाइन्छ। पौरस्त्य दर्शनले अधिकारभन्दा कर्तव्यमा बढी जोड दिन्छ तर आधुनिक दृष्टिमा जब कर्तव्य अत्यधिक प्राथमिकतामा आउँछ, तब अधिकारको स्वतन्त्रता सीमित हुन सक्छ भन्ने एकथरी विद्धानहरूको तर्क छ। उदाहरणका लागि कुनै पनि राज्य

वा समाजमा प्रेम वा सामूहिकतामा अत्यधिक जोडिँदा व्यक्तिगत स्वतन्त्रता दबिन सक्छ। त्यसैले कर्तव्य र स्वतन्त्रताको सन्तुलन कायम राख्न पौरस्त्य नैतिक दर्शनलाई आधुनिक मानव अधिकार सन्दर्भमा पुनर्व्याख्या गर्नु आवश्यक छ ।

कन्फुसियस र कौटिल्यले नैतिक शासकको कल्पना गरे तर आधुनिक प्रतिष्पर्धा र क्षमता प्रदर्शनको युगमा व्यावहारिक राजनीति प्रायः शक्ति, स्वार्थ र दमनमा केन्द्रित हुन पुग्छ। आधुनिक सन्दर्भमा, शासनको नैतिक आदर्शलाई कानुनी र संस्थागत संयन्त्रसँग जोड्नुपर्ने बाध्यात्मक अवस्था देखिन्छ। वर्तमान समयको मागलाई हेर्दा केवल नैतिकताले मात्रै व्यावहारिक उपलब्धि नदिन सक्छ।

पौरस्त्य नैतिक शिक्षाहरू ऐतिहासिक ग्रन्थहरूमा आधारित छन्। यिनीहरू हजारौँ वर्ष पहिलादेखि सनातन रूप पछ्याउँदै आएका विषय हुन्। आजको लैङ्गिक समानता, अल्पसङ्ख्यक अधिकार वा विद्युतीय (डिजिटल) अधिकारका विषयहरू मानव अधिकारका आधुनिक ज्वलन्त विषयहरू हुन्। यस्ता विषयहरू पौरस्त्य नैतिक शिक्षामा समेटिएको पाइँदैन। बुद्ध र गान्धीको पुनर्व्याख्याले देखाएको जस्तै मूल नैतिक तत्त्वहरूलाई आधुनिक आवश्यकताअनुसार रूपान्तर गर्न सकिन्छ।

पौरस्त्य दर्शनको मुख्य शक्ति भनेको यसको अधिकारलाई नैतिकता र उत्तरदायित्वसँग बाँध्न सक्ने क्षमता हो तर कमजोर शासन वा धार्मिक दुरुपयोगले यही नैतिकता "आज्ञापालन" को औजार बन्न सक्छ। त्यसैले, आलोचनात्मक दृष्टिले पौरस्त्य शिक्षालाई नैतिक प्रेरणा त मान्नुपर्छ तर कानुनी मानव अधिकार प्रणालीसँगको संयोजनमा मात्र व्यवहारिक रूप दिन सकिन्छ भन्ने मत राख्दछ।

यसरी आलोचनात्मक दृष्टिले हेर्दा, पौरस्त्य नैतिक शिक्षाहरूले आधुनिक मानव अधिकारको वैचारिक जगमा नैतिक सन्तुलन, करुणा र कर्तव्यको आयाम थप्छन्। तर यी शिक्षाहरूलाई आधुनिक कानुनी, लोकतान्त्रिक र समावेशी रूपान्तरणमा समाहित गर्नुपर्ने आवश्यकता स्पष्ट देखिन्छ।

### *३.४. नेपालमा मानव अधिकार र पौरस्त्य नैतिक शिक्षाको प्रभाव*

एसियाली मुलुकहरू सांस्कृतिक, धार्मिक र पर्यावरणीय तथा अन्य दृष्टिकोणमा विविधतापूर्ण रहेकाले मानव अधिकार अभ्यासलाई एउटा निश्चित मूल्यमा स्थापित गर्न जटिल छ (संग्रौला, २००५) । नेपाल एक ऐतिहासिक विशिष्ट पहिचान बोकेको मुलुक हो। नेपालमा मानव अधिकार शव्दावलीको प्रयोग भएको इतिहास धेरै पुरानो नभए पनि प्राचीन नेपाल पौरस्त्य नैतिकशिक्षाहरूको गहिरो प्रभावमा थियो भन्न सकिन्छ। आज पनि नेपाली समाजमा कर्तव्यपरायणता, ठुलालाई आदर गर्ने परम्परा, नारी जातीको सम्मान (कन्यालाई देवीको रूपमा पूजा गर्ने), पशुपंक्षीलाई पूजा गर्ने (तिहारमा काग, गाई, गोरु र कुकुर) परम्परा कायमै छ। यसबाट आधुनिक मानव अधिकारका

मर्मसँगै पशुअधिकारको समेत सम्मान भएको देखिन्छ। यी व्यवहारहरू कुनै कानुनद्वारा अनुबन्धित नभएर समाजमा सनातन परम्पराका रूपमा कायम रहेका छन्। नेपालको मानव अधिकार सन्दर्भलाई हेर्दा प्राचीनकालीन नेपाल, मध्यकाल तथा वि.सं.२००७ (प्रजातन्त्र स्थापना) सालपूर्वको समय र त्यसपश्चात गरी तीन कालखण्डमा हेर्नुपर्ने हुन्छ।

### ३.४.१. प्राचीन नेपालमा मानव अधिकारको अवस्था

विश्व समाजमा झैं नेपाली समाजमा पनि मानव अधिकारको अवधारणा र विकास प्राचीन समयदेखि आफ्नै मौलिक रूपमा भएको पाइन्छ। नेपाल राज्यको उदयपछि यहाँका राजा महाराजाहरूले विभिन्न धार्मिक ग्रन्थ, वेद, पुराण, विभिन्न श्रुति, स्मृति, नीति, कौटिल्यको अर्थशास्त्र आदिको आधारमा शासन सञ्चालन र न्यायनिसाफ गरेका पाइन्छन्। त्यसबेला मानव अधिकार शब्दको प्रयोग थिएन तर व्यवहारमा मानिसहरूमा देखापरेका द्वन्द्व, भेदभाव तथा खराब आचरणलाई नियन्त्रण गर्न गरिएको न्यायनिसाफले मानव अधिकारकै संरक्षण गरेको पाइन्छ । तिनै न्यायनिसाफका आधारमा नेपालमा मानव अधिकारको अवधारणा र विकासक्रम अघि बढेको बुझ्न सकिन्छ ।(श्रेष्ठ र सिवाकोटी, २०६८)

श्रेष्ठ र सिवाकोटीका अनुसार प्राचीन नेपाललाई गोपाल, महिषपाल, किरात र लिच्छवी गरी चार उपकालमा विभाजन गरिएको पाइन्छ। गोपाल र महिषपालहरूको शासनव्यवस्थाका सम्बन्धमा इतिहासको अध्ययन स्पष्ट हुन सकेको छैन। त्यसैले त्यसबेलाको मानव अधिकारको स्थिति आदिम समाजकै प्रभावअनुसार स्वतन्त्र र समानतामा आधारित रहेको अनुमान गरिए पनि गोपालकालबाटै दासयुग सुरु भई सरदारहरूको प्रभुत्व कायम भैसकेको थियो। किरातकालीन शासन प्रणाली मुन्दुममा आधारित थियो। मुन्धुमअनुसार सामाजिक जीवन तथा जन्म, विवाह र मृत्युसम्बन्धी कर्मकाण्ड सञ्चालित थियो। विभिन्न किसिमका फौजदारी अपराध गर्नेहरूलाई अपराधको कसुरका आधारमा देवीस्थानमा लगी पश्चाताप गराउने, उम्लेको पानीमा हात डुबाउने, आजन्म दास बनाउने, गाउँबाट निकाला गर्ने, ज्यानको बदला ज्यान लिने, जार काट्न पाउने सजायहरूको व्यवस्था गरिएको थियो। त्यसबेला जनअदालतका माध्यमबाट खुलारूपमा मुद्दाहरूको किनारा लगाइन्थ्यो। अन्तिम न्यायकर्ताका रूपमा मुन्धुमको आधारमा राजाले निसाफ गर्थे । त्यो काल दासयुगको चरम् अवस्था भए पनि महिलाहरू स्वतन्त्र थिए। किरातकालको अन्त्यसम्म आइपुग्दा सामाजको आधारभूत परिवर्तनले दासयुगको अन्त्य भई सामन्तवादको उदय भएको देखिन्छ।

गोपाल वंशावली अनुसार लिच्छवीकालमा दैवी सिद्धान्तअनुसार नियम-कानुन, सनद, इश्तिहार, प्राचीन परम्परा तथा रीतिरिवाज, हिन्दु धार्मिक, पौराणिक, पुराण र स्मृतिको आधारमा न्याय सम्पादन

गरिन्थ्यो। दण्ड सजाय जाति र वर्ण हेरी अपराधीको मात्राअनुसार शारीरिक एवम् आर्थिक दण्ड दिने व्यवस्था थियो।लिच्छवीकालमा शासनसत्तामा वैदिक ब्राह्मणहरूको बोलवाला थियो।

यसरी हेर्दा प्राचीन नेपाल धर्ममा आधारित शासन प्रणाली थियो। जहाँ पाप र पुण्यको बढो ख्याल गरिन्थ्यो । पौरस्त्य नैतिक शिक्षाहरूको ठुलो प्रभाव थियो । किरातकालीन समयमै गौतम बुद्धले ज्ञान प्राप्त गरी आएका थिए । यसबाट बौद्ध दर्शनको थोरै प्रभाव त्यो समयमा पनि पर्न थालेको आवस्था थियो भन्न सकिन्छ । यद्यपि राजालाई दैवी अधिकारप्राप्त व्यक्ति मान्ने हुँदा सर्वसाधारणको मानव अधिकार पूर्णतया रक्षा भएको थियो भन्न सक्ने अवस्था देखिंदैन ।

### ३.४.२. मध्यकालीन तथा वि.सं.२००७ सालपूर्वको नेपाल र मानव अधिकार

नेपालको इतिहासमा मध्यकाल भनेर मल्लकाललाई चिनिन्छ।मल्लकालको पूर्वार्धमा मानव अधिकारको अवस्था लिच्छविकालीन प्रभावमा चलेको थियो।यो समय पनि धर्मशास्त्रको प्रभावमा नै चलेको थियो। राजालाई नै न्यायको अवतार मानिन्थ्यो।उपत्यकामा जयस्थिति मल्लले "मानव न्यायशास्त्र" मार्फत स्थिति बसाल्ने काम गरेका थिए भने गोरखामा राम शाहको न्याय स्थितिलाई उल्लेख्य मानिन्छ।"न्याय नपाए गोरखा जानु" भन्ने मध्यकालीन नेपालको भनाइ आजपर्यन्त जीवन्त छ।यसबाट मध्यकालीन नेपालमा न्याय प्रशासन सुदृढ देखिन्छ।यसबाट मानव अधिकारको अवस्था राम्रो थियो भन्ने अड्कल काट्न सकिन्छ।

इतिहासकारहरूका अनुसार मल्लकालमा धर्मशास्त्रको आधारमा मात्र शासन चल्न नसकेकाले विभिन्न स्थिति बाँधेर कानुनी व्यवस्था गरिएको थियो।जयस्थिति मल्लले आर्थिक, सामाजिक, धार्मिक र जातसम्बन्धी कानुनी व्यवस्था गरेको पाइन्छ।यसबाट मध्यकालीन नेपालमा पौरस्त्य नैतिक शिक्षाहरूको प्रभाव त थियो नै, सँगै आधुनिक कानुनको शासन स्थापनामा जग हालिएको थियो भन्न सकिन्छ।यद्यपि जातका आधारमा काम नगर्नेलाई दण्ड दिने कानुनी व्यवस्था हुनु, राजाले चाहेमा दण्ड-सजायमा थप-घट एवम् माफीसमेत हुनसक्नु, बाधाँ र झारा श्रमव्यवस्था तथा दासप्रथालाई मध्यकालीन राजाहरूले निरन्तरता दिनुले मानव अधिकारको आधुनिक परिवेशमा हेर्दा त्यसबेला अमानवीय व्यवहारलाई वैधानिक आधार मानिन्थ्यो भन्न सकिन्छ।

नेपालको इतिहासमा आधुनिक कालको रूपमा मानिने वि.सं.२००७ सालपूर्वको शाहकाल वि.सं.१८२५ मा पृथ्वीनारायण शाहले बाइसी-चौबिसी राज्यहरूको एकीकरण गर्दै काठमाडौंमा आफ्नो राजधानी कायम गरेपछि सुरु हुन्छ।यो बेला पनि मानव अधिकारको संरक्षणको आधार राजाबाट गरिने न्यायनिसाफ नै थियो।पृथ्वीनारायण शाहले जयस्थिति मल्ल र राम शाहको सुधार स्थितिहरूको अनुशरण गर्दै दिव्य उपदेशको माध्यमबाट आफ्नो शासन व्यवस्थाको आधार तय

गरेका थिए। वर्णाश्रम, पञ्च अपराध, जसको पाप उसको गर्धनको आधारमा कडा अमानवीय सजाय दिने चलन यथावत थिए। पञ्चखत, राजकाज अपराध र निषेधित वस्तु चोरी निकासी गर्नेलाई सर्वश्वहरण गरी मृत्युदण्ड दिइन्थ्यो। राजाका सेवक, ब्राह्मण र तागाधारीहरूलाई कम सजाय दिइन्थ्यो। सतीप्रथा स्वेच्छिक थियो (श्रेष्ठ र सिवाकोटी, २०६८)।

श्रेष्ठ र सिवाकोटीकै अनुसार राजा सुरेन्द्रको पालामा वि.सं.१९१० मा प्रधानमन्त्री जङ्गबहादुरले बेलायतको र फ्रान्सको न्यायप्रणाली "नेपोलियन कोड" बाट प्रभावित भएर नेपालमा जारी गरेको पहिलो लिखित दस्तावेज "मुलुकी ऐन, १९१०" ले छरिएर रहेका रीतिस्थिति, नीति, धर्मशास्त्र, नियम कानुन तथा प्रचलन आदिलाई एकै ठाउँमा सङ्ग्रह गर्ने कार्य गरी सबैलाई समान न्याय दिन दण्डप्रणालीमा सुधार गरेको पाइन्छ। राजा त्रिभुवनको शासनकालमा प्रधानमन्त्री चन्द्र शमसेरबाट वि.सं. १९७७ मा सतीप्रथा र वि.सं.१९८१ मा दासप्रथाको अन्त्य गरी मानव अधिकार संरक्षणमा सकारात्मक कार्य गरेको पाइन्छ। प्रधानमन्त्री भीम शमसेरबाट राजकाज अपराध र जङ्गी कानुनबमोजिम दिइने ज्यानको सजायबाहेक अरू अपराधमा मृत्युदण्ड निषेध गरियो। राणाशासनकाल नेपालको इतिहासमा कालोयुग भनेर दर्ज गरिए पनि मानव अधिकार संरक्षणमा केही प्रयास भने भएका थिए। यसमा पौरस्त्य सनातन दर्शनको प्रभाव प्रष्ट देखिन्थ्यो। जुद्ध शमसेरको शासनकालको समयमा दोस्रो विश्वयुद्ध भयो। त्यसपश्चात विश्वव्यापी रूपमै मानव अधिकारको नयाँ युग सुरु भएसँगै नेपालमा पनि वि.सं.२००४ सालमा प्रधानमन्त्री पद्म शमसेरद्वारा नेपाल सरकार वैधानिक कानुन, २००४ जारी गरियो। व्यक्तिगत स्वतन्त्रतालाई समेत मौलिक हकको रूपमा समेटिएको यो दस्तावेज नेपालको संवैधानिक इतिहासको पहिलो संविधान हो। यद्यपि यो कार्यान्वयन भने भएन।

### ३.४.३. वि.सं. २००७ सालपछि नेपालमा मानव अधिकार

वि.सं. २००७ सालको परिवर्तनबाट नेपालको शासन र समाजमा खुकुलोपन आए पनि परम्परागत रूपमा चल्दैआएको मूलतः हिन्दुधर्मको पद्धति र प्रभावमा रहेको वर्णव्यवस्थाले सृजना गरेका असमानताका अवशेषहरूको प्रभाव कायमै रहयो। क्रमशः नेपालको अन्तरिम शासन विधान-२००७, नेपाल अधिराज्यको संविधान-२०१५, नेपालको संविधान-२०१९, नेपाल अधिराज्यको संविधान-२०४७, नेपालको अन्तरिम संविधान-२०६३ र नेपालको संविधान-२०७२ गरी हालसम्म सातवटा संविधान जारी भएका छन्। साथै नेपालले संयुक्त राष्ट्रसङ्घको सदस्यता लिएसँगै थुप्रै मानव अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय सन्धिको पक्षराष्ट्रका रूपमा आफ्नो उपस्थिति जनाइरहेको छ। यसले मानव अधिकारको विश्वव्यापी सीमामा नेपालको उपस्थितिलाई दर्शाएको छ।

मानव अधिकारसम्बन्धी पाँचौ राष्ट्रिय कार्ययोजना(आ.व.२०७७/०७८-०८१/८२) अनुसार नेपालले हालसम्म विश्वव्यापी रूपमा मानव अधिकारका रूपमा स्वीकार गरिएका सबै अधिकारहरूलाई मौलिक हककै रूपमा संवैधानिक प्रत्याभूतिसहित त्यस्ता हकको कार्यान्वयन गर्न आवश्यक कानुनी व्यवस्था गरिसकेको छ। यो संवैधानिक र कानुनी प्रबन्धपछि नेपाल नागरिक र राजनीतिकमात्र होइन, शिक्षा, स्वास्थ्य, रोजगार, आवास, खानेपानी, वातावरणजस्ता आर्थिक र सामाजिक अधिकारलाई समेत मौलिक हकको रूपमा संवैधानिक प्रत्याभूति दिने अत्यन्त कम मुलुकहरूको सूचीमा समावेश भएको छ। नेपालमा संविधान एवम् कानुनद्वारा संरक्षित मानव अधिकारको कार्यान्वयनको अनुगमन गर्ने, मानव अधिकार उल्लङ्घनमा अनुसन्धान गर्ने लगायतका कार्य गर्ने स्वतन्त्र र सक्षम संवैधानिक आयोगको व्यवस्था तथा न्याय सम्पादनका लागि स्वतन्त्र न्यायपालिकाको व्यवस्था गरी मानव अधिकारको सम्मान, संरक्षण र प्रवर्धन गर्ने कार्य हुँदै आएका छन्। सामाजिक, आर्थिक तथा सांस्कृतिक रूपमा पछाडि परेका वर्ग एवम् समुदायका नागरिकको मानव अधिकार संरक्षण र प्रवर्धनका लागि कानुनी र संस्थागत व्यवस्था गरी समावेशीकरणको कार्यान्वयन व्यावहारिक रूपमै सुनिश्चित गरिएको छ। मानव अधिकारको सम्मान, संरक्षण र प्रवर्धन गर्ने दायित्व सरकार र अन्य संयन्त्रसमेतको सहकार्यमा हुँदै आएको छ। जसका लागि राष्ट्रिय मानव अधिकार आयोग र अन्य अधिकारमा आधारित सात वटा संवैधानिक आयोगहरूको व्यवस्था गरिएको छ।

यसरी संवैधानिक, कानुनी तथा संरचनागत रूपमा संरक्षित नेपालको मानव अधिकार मर्ममा पौरस्त्य दर्शन र नैतिक शिक्षाले मानवजीवनको मौलिकमूल्य, गरिमा र सामूहिक अस्तित्वको आदर्शलाई अत्यन्त गहिरो रूपमा स्थापित गरेका छन् । नेपालजस्तो प्राच्य सभ्यताको हिस्सा भएको देशमा मानव अधिकार केवल कानुनी अधिकारको सवाल नभएर सामाजिक धर्म, दायित्व र परस्परको आत्मिय भावनासँग जोडिएको नैतिक आचरण हो।

अतः मानव अधिकार, कानुनी संरचना र व्यवहारमा पौरस्त्य नैतिक शिक्षाको गहिरो प्रभाव देखिन्छ। नेपालको संविधानको धारा-१६ देखि धारा-४६ सम्म ३१ वटा मौलिक हकको व्यवस्था गरिएको छ भने धारा-४८ मा ४ वटा नागरिक कर्तव्य उल्लेख गरिएको छ, जसलाई बाध्यकारी मान्न सकिन्छ। यसबाट केवल अधिकार प्रदान गर्ने मात्र नभएर अधिकारसँगै कर्तव्य जोडिने पौरस्त्य नैतिक शिक्षालाई नेपालले आधुनिक मानव अधिकार विमर्शसँग जोडेको देखिन्छ। यसले नेपालमा मानव अधिकारको विकासमा पौरस्त्य नैतिक शिक्षाको गहिरो र दीर्घकालीन प्रभाव देखाउँछ। वेदको समानता, बुद्धको अहिंसा, कन्फुसियसको मानवता र जैन दर्शनको करुणा यी सबैले नेपालमा आधुनिक मानव अधिकारको जग बसालेका छन् ।

## ४. निष्कर्ष

मानव अधिकारको आधुनिक अवधारणाले विश्वव्यापी मान्यता प्राप्त गरेको भए पनि यसको मूल स्रोत केवल पाश्चात्य दर्शन वा युरोपेली पुनर्जागरणबाट उत्पन्न भएको होइन। मानव मर्यादा, समानता, करुणा, सत्य, अहिंसा र सामाजिक समरसताको आदर्श मानवसभ्यताको प्रारम्भदेखि नै पौरस्त्य दर्शनमा गहिरो रूपमा जडित छन्। वेद, उपनिषद्, मनुस्मृति, याज्ञवल्क्यस्मृति, कौटिल्यको अर्थशास्त्र, शुक्रनीति, बुद्ध, जैन र कन्फुसियसका शिक्षाहरूले मानवकर्तव्य र नैतिक उत्तरदायित्वमार्फत मानव अधिकारको आधारशीला निर्माण गरेका छन्। पौरस्त्य नैतिक शिक्षाहरूले अधिकारभन्दा पहिला कर्तव्य र सम्बन्धलाई प्राथमिकता दिन्छन्। यसले समाजमा सन्तुलन, न्याय र आपसी सम्मान सुनिश्चित गर्छ। आजको आधुनिक मानव अधिकार विमर्शले व्यक्तिगत स्वतन्त्रता र समानतालाई जोड दिएको छ भने पौरस्त्य दर्शनले सामूहिक कल्याण र नैतिक कर्तव्यलाई जोड दिएको पाइन्छ। यी दुई दृष्टिकोणको समायोजनले नै २१ औँ शताब्दीको मानव अधिकार प्रणालीलाई स्थायी र सांस्कृतिक रूपमा सन्तुलित बनाउन सक्छ।

नेपाल एक बहुभाषिक, बहुजातीय, सांस्कृतिक र बहुधार्मिक समाज हो, जसको सांस्कृतिक र दार्शनिक आधार पौरस्त्य नैतिक शिक्षाको जगमा बनेको छ। मानव अधिकारको आधुनिक अवधारणा पश्चिमी उदारवाद र फ्रान्सेली क्रान्तिबाट प्रभावित मानिए पनि पौरस्त्य दर्शन र नैतिक शिक्षाले मानवमर्यादा, करुणा, अहिंसा, समानता र सहअस्तित्वका सिद्धान्तहरूमा धेरै अगाडिबाट जोड दिएको पाइन्छ। नेपालमा मानव अधिकारको विकासक्रममा यी नैतिक शिक्षाहरूको प्रत्यक्ष र अप्रत्यक्ष प्रभाव स्पष्ट रूपमा देख्न सकिन्छ। नेपाली समाजमा दान, सहअस्तित्व, पर-हित र सहिष्णुता जस्ता संस्कारहरू अझै पनि जीवित छन्। यी नैतिक अभ्यासहरूले आधुनिक मानव अधिकारलाई सामाजिक र सांस्कृतिक सन्दर्भमा टिकाइराखेका छन् तर आजको प्रतिस्पर्धी युग र आधुनिकताको प्रभावले यी मूल्यहरू कमजोर हुँदै जान सक्ने खतरा उत्तिकै छ। त्यसैले पौरस्त्य नैतिक शिक्षाको पुनर्जीवनले नै मानव अधिकारको भावनात्मक र सांस्कृतिक आधारलाई बलियो बनाउन सक्छ। त्यसका लागि विद्यालयदेखि विश्वविद्यालय तहसम्म पौरस्त्य नैतिक दर्शन र मानव अधिकार अध्ययनलाई संयोजन गरी पढाउनुपर्छ। सबैखाले राष्ट्रिय नीतिलाई कर्तव्यमा आधारित अधिकारसँग सम्बन्धित बनाउनु पर्दछ । राज्य र नागरिक समाज सबै तहबाट हुने अधिकार विमर्शमा पौरस्त्य नैतिक चेतलाई अनिवार्य समेट्नु पर्दछ। यसका साथै धार्मिक तथा सांस्कृतिक संस्थाहरूले कर्तव्यको व्याख्यामा अधिकारमुखी धारणालाई पनि सँगै जोड्नु जरुरी छ। नेपालले यी नैतिक शिक्षालाई आफ्नो संविधान, कानुन र सामाजिक आचरणमा आत्मसात गर्न सकेमा मानव अधिकार केवल कानुनी अधिकार नभई जीवित नेपाली संस्कृतिको हिस्सा बन्न सक्छ।

## सन्दर्भ—सामग्रीहरू


नेपाल सरकार (वि.सं.२०७२). *नेपालको संविधान.* कानुन किताब व्यवस्था समिति, बबरमहल, काठमाडौं।

पोखरेल, टीकाराम (वि.सं.२०८०). *लोकतन्त्रमा मानव अधिकार.* स्वदेश प्रकाशन ।

पोखरेल, टीकाराम (वि.सं.२०८२). नेपालको सन्दर्भमा मानव अधिकारका मुद्दामा राजनीतिक प्रभाव. *संवाहक,* वर्ष ९ अंक २४ ।

प्रधानमन्त्री तथा मन्त्रीपरिषदको कार्यालय (वि.सं.२०७७). *मानव अधिकार सम्बन्धी पाँचौ राष्ट्रिय कार्ययोजना (आ.ब.२०७७/०७८-०८१/८२).* काठमाण्डौ।

बन्जाडे, मोहन (वि.सं.२०७३). सनातन दर्शन र मानव अधिकार, *संवाहक,* वर्ष २, अंक ३ ।

मैनाली, श्यामप्रसाद (वि.सं.२०७२) . *राजनीति शास्त्र.* मैनाली बुक्स एण्ड स्टेशनरी, काठमाण्डौ

राष्ट्रिय मानव अधिकार आयोग (वि.सं.२०७७) . *मानव अधिकारसम्बन्धी जान्नुपर्ने कुराहरू,* नेपाल

नेपाल सरकार (वि.सं.२०६८). *राष्ट्रिय मानव अधिकार आयोग ऐन.* राष्ट्रिय मानव अधिकार आयोग, पुल्चोक

श्रेष्ठ, अमन र सिवाकोटी, कैलासकुमार (वि.सं. २०६८).*मानव अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय महासन्धि मानव अधिकारको विकास र दृष्टीकोण,* मधुवन प्रकाशन ।

संयुक्त राष्ट्रसङ्घ (सन् १९४८). *विश्व मानव अधिकार घोषणापत्र,* संयुक्त राष्ट्रसङ्घ महासभा।

सङ्ग्रौला, युवराज (सन् २०१२) .*न्यायशास्त्र र नेपालमा मानव अधिकार,* काठमाडौं स्कुल अफ ल।

सिवाकोटी, कैलाशकुमार (वि.सं. २०७४) . पौरस्त्य दर्शनभित्र मानव अधिकार, *संवाहक,* वर्ष ९ अंक २४

Ni, P. (2014). *The Philosophy of Confucius*. 10.1007/978-90-481-2936-2_3.